“प्राकृतिक सम्पदायुक्त हराभरा सहर, सम्पूर्ण नगरबासीको एउटै रहर”

# परशुराम नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

पत्र संख्या:- २०८२/०८३
चलानी नम्बर:- २०३८

जोगबुडा, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल।

२०७३

मितिः २०८३/०२/०८

विषयः पत्रपत्रिकामा सूचना प्रकाशन, सम्झौता र भुक्तानी सम्बन्धी निर्णय कार्यान्वयन सम्बन्धमा।

श्री जिन्सी शाखा,
श्री आर्थिक प्रशासन शाखा,
श्री वडा कार्यालयहरू (सबै),
श्री परशुराम नगरपालिका अन्तर्गतका अन्य कार्यालयहरू (सबै),
परशुराम नगरपालिका,
सुदूरपश्चिम प्रदेश, जोगबुडा, डडेल्धुरा।

यस परशुराम नगरपालिका, नगर कार्यपालिकाको मिति २०८३/०२/०७ गते बसको ८३औं बैठकको निर्णयबाट पत्रपत्रिकामा सूचना प्रकाशन, सम्झौता र भुक्तानी सम्बन्धमा देहायबमोजिमको निर्णय भएकाले सोको कार्यान्वयन गर्नु, गराउनुहुन अनुरोध छ।

तपसिलः-

प्रस्ताव नं. ८:- पत्रपत्रिकामा सूचना प्रकाशन, सम्झौता र भुक्तानी सम्बन्धमा।

निर्णय नं. ८:- “प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंको चलानी नम्बर प्र.शा./३११/३४९८ मिति २०८२/१२/१८ गतेको पत्रानुसार सरकारी खर्चमा मितव्ययिता कायम गर्न, विज्ञापन तथा सूचना प्रकाशनमा एकरूपता तथा आवश्यकता तथा औचित्यमा आधारित र पारदर्शी बनाउन यस परशुराम नगरपालिकाबाट सूचनाहरू सञ्चार माध्यममार्फत प्रकाशन तथा प्रसारण गर्दा गोरखापत्र संस्थान, रेडियो नेपाल, नेपाल टेलिभिजन जस्ता सरकारी एवम् सरकारी स्वामित्वमा रहेका सञ्चार माध्यममा मात्र प्रकाशन तथा प्रसारण गर्ने। साथै, हाल विभिन्न स्थानीय तथा राष्ट्रियस्तरका पत्रपत्रिका तथा सञ्चार माध्यमबाट सूचना प्रकाशनका लागि सम्झौता गर्ने र भुक्तानी गर्ने, पुस्तक, सम्पर्क डायरी, भित्तेपात्रो तथा क्यालेन्डर, म्यागजिन (Magazine), आदि खरिद सम्झौता तथा भुक्तानीका लागि निवेदन पेस हुने गरेकोमा त्यस्तो कुनै पनि सम्झौता र भुक्तानी नगर्ने निर्णय गरियो”।

२०८३।०२।०८
(खगेन्द्र साउँद)
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः-
श्री प्रशासन शाखाः सबै शाखाहरू, वडास्थित कार्यालयहरू, र वडा कार्यालयहरूलाई जानकारी गराउने।